पुथा उत्तरगङ्गा गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : १ संख्या:११ मिति: २०८१/११/२१

**भाग-२**

## सुनदह व्यवस्थापन तथा संरक्षण कार्यविधि, २०८१

**कार्यपालिका प्रस्तुत मितिः२०८१/०७/१०**
**कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/०७/२७**

**प्रस्तावना**: नेपालको संविधान, २०७२ को अनुसूची ८ मा स्थानीय तहलाई पर्यटन, वन, वातावरणीय संरक्षण, प्राकृतिक स्रोत व्यवस्थापनको अधिकार प्रदान गरिएको छ। संविधानको धारा ३० ले प्रत्येक व्यक्तिलाई स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकारको प्रत्याभूति गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को धारा ११ ले स्थानीय तहलाई पर्यटन प्रवर्द्धन, वन व्यवस्थापन, प्राकृतिक सम्पदा संरक्षण, र वातावरणीय सन्तुलनको जिम्मेवारी दिएको छ। यसैको आधारमा पुथा उत्तरगंगा गाउँ कार्यपालिकाको ३१ औं कार्यपालिकाको बैठकले यो कार्यविधि पारित गर्ने निर्णय गरेको हो।

## परिच्छेद १

## संक्षिप्त नाम उदेश्य र परिभाषा

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यो कार्यविधिलाई "सुनदह व्यवस्थापन तथा संरक्षण कार्यविधि २०८१" भनिनेछ।

(२) यो कार्यविधि पुथा उत्तरगंगा गाउँकार्यपालिका कार्यपालिकाबाट स्वीकृत भई राजपत्रमा प्रकाशित भएपश्चात लागू हुनेछ।

२. **उद्देश्य:** (१) यो कार्यविधिको उदेश्य देहायबमोजिम रहेको छ,

(क) सुनदहको प्राकृतिक सौन्दर्य, जैविक विविधता, र पर्यावरणीय सन्तुलनलाई कायम राख्न संरक्षणका प्रभावकारी उपायहरू अवलम्बन गर्ने।

(ख) सुनदहलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गरी पर्यटक आकर्षित गर्ने।

(ग) स्थानीय स्तरमा रोजगारीका अवसरहरू सिर्जना गरी आर्थिक विकासमा योगदान पुर्याउने।

(घ) सुनदह र वरपरको वातावरणीय सन्तुलन कायम राख्न वातावरणीय मापदण्डहरूको पालना सुनिश्चित गर्ने र कुनै पनि प्रकारको प्रदूषण तथा क्षतिबाट संरक्षण गर्न ।

(च) सुनदह क्षेत्रमा आवश्यक पर्यटकीय पूर्वाधार (पदमार्ग, क्याम्पिङ स्थल, सूचना पाटी, पर्यटकीय सुचना केन्द्र, पुल पुलेसा, होमस्टे, रिसोर्ट) विकास गर्न ।

(छ) सुनदहको संरक्षण र व्यवस्थापनका लागि आन्तरिक र बाह्य आर्थिक स्रोत जुटाउने र त्यसको उचित व्यवस्थापन गर्न ।

३. **परिभाषा:** (१)विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) **"अध्यक्ष"** पुथा उत्तरगंगा गाउँपालिका अध्यक्ष भन्ने बुझिन्छ ।

ख) **“गाउँपालिका”** भन्नाले पुथा उत्तरगङ्गा गाउँपालिका भन्ने बुझिन्छ ।

ग) **“पर्यटक” भन्नाले”** कुनै पनि व्यक्तिहरू, चाहे उनीहरू नेपाली नागरिक, सार्क राष्ट्रका नागरिक, वा अन्य विदेशी पर्यटक हुन्, जो सुनदहको भ्रमणका लागि आउनेछन् ।

घ) **“पर्यटन शुल्क”** सुनदह प्रवेश गर्ने पर्यटकहरूले दृश्यावलोकण शुल्क, जुन सुनदहको संरक्षण र व्यवस्थापनको लागि आय स्रोतका रूपमा प्रयोग गरिनेछ।

ङ) **“संरक्षण समिति”** सुनदहको संरक्षण, व्यवस्थापन, र विकासका लागि गठन गरिने समिति, जसमा स्थानीय समुदाय, जनप्रतिनिधि, तथा अन्य सरोकारवालाहरूको सहभागिता रहन्छ ।

च) **"सुनदह"** भन्नाले पुथा उत्तरगंगा गाउँपालिका वडा नम्वर ३ मा अवस्थित एक प्राकृतिक स्थान, जसको संरक्षण, व्यवस्थापन, पर्यटन प्रवर्द्धन दृष्टिकोणले महत्त्वपूर्ण मानिन्छ ।

छ) **"स्थानीय समुदाय "** पुथा उत्तरगंगा गाउँपालिकामा बसोबास गर्ने स्थायी बासिन्दाहरू, जो सुनदहको संरक्षण, व्यवस्थापन, र विकासमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न हुन्छन् ।

ज) **"होमस्टे तथा कटेज"** सुनदह क्षेत्रका स्थानीयवासीद्वारा सञ्चालित अस्थायी आवास स्थानहरू जनाउछ ।

झ) **"स्थानीय समुदाय "** पुथा उत्तरगंगा

ञ) गाउँपालिकामा बसोबास गर्ने स्थायी बासिन्दाहरू, जो सुनदहको संरक्षण,

व्यवस्थापन, र विकासमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न हुन्छन् ।

## परिच्छेद २

## संरक्षण समितिको गठन, काम, कर्तव्य, र अधिकार

४. **संरक्षण समिति गठन:** (१) सुनदहको दीर्घकालीन संरक्षण र व्यवस्थापनको लागि व्यवसायी स्थानीय समुदाय, जनप्रतिनिधि रहने गरी "सुनदह संरक्षण समिति" गठन गर्नुपर्छ ।

(२) "सुनदह संरक्षण समिति"मा रहने संयोजक तथा सदस्यहरु देहायबमोजिम रहने छन

क) संयोजक: वडा अध्यक्ष वा निजले तोकेको सदस्य

सदस्यहरू:

ख) वडा सदस्य २ जना (१ जना महिला अनिवार्य)

ग) स्थानीय पर्यटन व्यवसायीबाट २ जना

घ) स्थानीय महिला प्रतिनिधि १ जना

ङ) वन र वातावरण विज्ञ १ जना

च) स्थानीय युवा प्रतिनिधि १ जना

छ) सदस्य सचिव :वडा सचिव

(३) समितिको गठन वडाको आम भेलाबाट सर्वसहमतिमा गरिनेछ।

(४) समितिको बैठक आवश्यकता अनुसार समितिको संयोजकले बोलाए पछि बस्नु पर्नेछ।

(५) समितिको संचालन तथा व्यवस्थापन खर्च ‘‘सुनदह संरक्षण कोष’’ बाट गर्नु पर्नेछ।

५. **संरक्षण समितिको काम कर्तव्य र अधिकार:** (१) सुनदह संरक्षण समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम रहने छ।

क) सुनदहको संरक्षण र दीर्घकालीन व्यवस्थापनका लागि विस्तृत योजना तयार गर्ने

र कार्यान्वयनको लागि गाउँपालिका र वडासँग समन्वय गर्ने।

ख) सुनदह र वरपरको क्षेत्रमा वातावरणीय मापदण्डहरूको पूर्ण पालना गर्न सुनिश्चित गर्ने र पर्यावरणीय सन्तुलन कायम राख्ने आवश्यक कार्य गर्ने ।

ग) संरक्षण क्षेत्रमा प्रदूषण नियन्त्रण, फोहोर व्यवस्थापन, र जैविक विविधताको संरक्षण गर्न मापदण्डहरु तयार गर्ने।

घ) सुनदहमा पर्यटकहरूको आकर्षण बढाउन विभिन्न पर्यटकीय गतिविधिहरूको आयोजन गर्ने ।

ङ) सुनदह क्षेत्रमा पर्यटकहरूको लागि आवश्यक पूर्वाधारहरू, जस्तै पदमार्ग, सूचना पाटी, क्याम्पिङ स्थल, र पर्यटकीय सुचना केन्द्रको अध्ययन गर्ने ।

च) संरक्षण र व्यवस्थापनको लागि आवश्यक पर्ने बजेट व्यवस्थापन गर्नको लागि गाउँपालिकासंग समन्वय गर्ने।

छ) संरक्षण गतिविधिहरूमा स्थानीय समुदायको सक्रिय सहभागिता सुनिश्चित गर्ने र उनीहरूको सशक्तिकरणमा योगदान गर्ने।

ज) सुनदह संरक्षण र व्यवस्थापनमा स्थानीयवासीसंग छलफल गरी राय र सुझावलाई समावेश गर्ने।

झ) पर्यटकहरूको सुरक्षाको लागि सुरक्षा उपायहरू लागू गर्ने र आपतकालीन उद्धार व्यवस्थाका लागि योजना बनाउने।

ञ) प्रत्येक वर्ष सुनदहको संरक्षण र व्यवस्थापनको प्रगति प्रतिवेदन तयार गर्ने र गाउँपालिकामा पेश गर्ने ।

(२) संरक्षण समितिले आफ्नो जिम्मेवारी पुरा गर्दा संघ र प्रदेशको कानूनलाई समेत ध्यान दिनुपर्छ।

## परिच्छेद ३

## स्थानीय सरकारको भुमिका

६. **सम्वन्धित वडाको को काम, कर्तव्य, र अधिकार:**

(१)पर्यटकिय क्षेत्र सुनदहको संरक्षण र व्यवस्थापनमा पुथा उत्तरगंगा गाउँपालिका वडा नंम्वर ३ को भुमिका देहाय बमोजिम रहेको छ।

क) सुनदह संरक्षणमा स्थानीय समुदायको सक्रिय सहभागिता सुनिश्चित गर्ने।

ख) समुदायलाई संरक्षण र पर्यटन विकासको महत्त्वका बारेमा जानकारी दिने र उनीहरूको सशक्तिकरणमा योगदान पुर्याउने।

ग) सुनदहमा प्रवेश गर्ने पर्यटकहरूबाट पर्यटन शुल्क संकलन गर्ने।

घ) सुनदह क्षेत्रमा वातावरणीय स्वच्छता कायम राख्न नियमित सरसफाइ कार्यक्रम सञ्चालन गर्ने।

ङ) फोहोर व्यवस्थापनका लागि आवश्यक प्रबन्ध गर्ने र जैविक तथा अजैविक फोहोरको उचित व्यवस्थापन गर्ने।

च) पर्यटकहरूको सहजताका लागि संकेत सूचनापाटीहरू जडान गर्ने र पर्यटकीय सुचना केन्द्र स्थापना गर्ने।

छ) स्थानीय हस्तकला, कृषि उत्पादन, तथा अन्य उत्पादनहरूको प्रदर्शन र बिक्रीमा सहयोग गर्ने।

ज) सुनदह क्षेत्रका पदमार्ग, क्याम्पिङ स्थल, र अन्य पर्यटकीय पूर्वाधारहरूको निर्माण, मर्मत, र विकासमा संलग्न हुने।

झ) स्थानीय स्तरमा सशक्त पर्यटन पूर्वाधार निर्माण गरी स्थायित्व र आकर्षण बढाउने।

ञ) संरक्षण समितिको निर्णय र योजनाहरूलाई वडा स्तरमा कार्यान्वयनमा लैजाने।

ट) सुनदह संरक्षण तथा व्यवस्थापनको लागि आवश्यक पर्ने स्थानीय स्रोत साधनको परिचालनमा सहयोग गर्ने।

७. **गाउँपालिकाको काम, कर्तव्य, र अधिकार:** (१)पर्यटकिय क्षेत्र सुनदहको संरक्षण र व्यवस्थापनमा पुथा उत्तरगंगा गाउँपालिकाको भुमिका देहाय बमोजिम रहेको छ ।

क) सुनदह क्षेत्रको अनुगमन गरी सुधारका लागि वडा र संरक्षण समितिलाई सुझाव दिने ।

ख) संरक्षण गतिविधिका क्रममा उत्पन्न हुने विवादहरूको समाधान गर्ने ।

ग) कानूनी समस्या वा मुद्दाहरूमा सहकार्य गरी संरक्षणको प्रक्रिया सुनिश्चित गर्ने।

घ) सुनदह संरक्षण समिति र वडासँग समन्वय गरेर संरक्षण, पर्यटन विकास, तथा व्यवस्थापन कार्यहरूमा सहयोग गर्ने।

ङ) सुनदह क्षेत्रमा निर्माण भएका पूर्वाधारहरूको अनुगमन गर्ने र मर्मतका लागि समन्वय गर्ने ।

च) संरक्षण र पर्यटन प्रवर्द्धन सम्बन्धी विवादहरूलाई शान्तिपूर्ण ढंगले समाधान गर्न स्थानीय स्तरमा पहल गर्ने।

छ) संघीय सरकार, प्रदेश सरकार र विभिन्न संघ संस्थाहरुसंग संरक्षण र व्यवस्थापनको लागि आर्थिक स्रोत जुटाउन आवश्यक कार्य गर्ने ।

ज) संरक्षण योजना र पर्यटकीय गतिविधिहरूको लागि आवश्यक समन्वय र सहयोग प्रदान गर्ने।

झ) होमस्टे, कटेज लगायतका संरचना निर्माण गर्नको लागि अनुमति दिने ।

ञ) सरक्षण र व्यवस्थानपको लागि समितिलाई आवश्यक निर्देशन दिने ।

ट) वातावरण संरक्षण र पर्यापरणीय संरक्षणको लागि आवश्यक मापदण्ड तोकि निर्देशन दिने ।

ठ) स्थानीय युवाहरूलाई पर्यटन गाइड तालिम प्रदान गरी रोजगारका अवसरहरू सिर्जना गर्ने।

## परिच्छेद ४

## बित्तीय व्यवस्थापन

८. **पर्यटन शुल्क सम्वन्धी व्यवस्था:** (१) सुनदहको दिगो व्यवस्थापन र संरक्षणको लागि गाउँपालिकाको निगरानीमा रहने गरी सुनदह क्षेत्रमा प्रवेश गर्ने पर्यटकहरुबाट पर्यटन शुल्क लिइनेछ।

(२) पर्यटन शुल्क गाउँपालिकाको आर्थिक ऐन बमोजिम हुने छ। आर्थिक ऐन नतोकिएको अवस्थामा निम्न व्यवस्था लागू हुनेछ ।

क) वडा नम्बर ३ मा बसोवास गर्ने स्थानीय बासिन्दालाई सुनदहको संरक्षण र व्यवस्थापनमा विशेष भूमिका खेल्ने र आवश्यक परेको बेला श्रमदान गरी सहयोग गर्ने  शर्तमा शुल्कमा छुट गर्नुपर्नेछ।

ख) पुथा उत्तरगंगा गाउँपालिकामा स्थायी बसोवास भएका व्यक्तिका लागि रु. ५० नेपाली नागरिकका लागि रु. १०० र विदेशी नागरिकका लागि रु. ३०० पर्यटन शुल्क लिनुपर्नेछ ।

ग) उपदफा ८ बमोजिम तोकिकएको शुल्कमा अपाङ्ग र वृद्धहरुलाई ५० प्रतिशत छुट हुनेछ ।

३) पर्यटन शुल्कबाट प्राप्त रकम गाउँपपालिकाको राजश्व खातामा जम्मा गरी ४० प्रतिशत सुनदहको संरक्षण तथा व्यवस्थापनमा खर्च गर्नुपर्नेछ।

९. **<u>सुनदह संरक्षण कोषको स्थापना:</u>** (१)सुनदहको संरक्षण र व्यवस्थापनको लागि गाउँपालिकाको "सुनदह संरक्षण कोष" स्थापना गर्नुपर्नेछ।

(२) "सुनदह संरक्षण कोष"मा पर्यटन शुल्क र सहयोगी दाताहरुबाट प्राप्त रकम जम्मा गरिनेछ।

(३) कोषको लेखा परीक्षण प्रतिवेदन गाउँपालिका कार्यपालिकामा पेश गर्नुपर्नेछ।

## परिच्छेद ५

## <u>विविध</u>

**१०.<u>संरचनाको निर्माण:</u> (१)सुनदह क्षेत्रको विकासको लागि गरिने संरचनाको निर्माण पुथा उत्तरगंगा गाउँपालिकाको मापदण्डअनुसार गर्नुपर्नेछ।**

**(२) संरचनाको निर्माण कार्य सुरु गर्नु अघि सम्बन्धित वडा कार्यालयको सिफारिसकमा गाउँपालिकाबाट अनुमति लिनुपर्नेछ।**

**(३) संरचना निर्माणमा स्थानीय जनशक्तिलाई प्राथमिकाकता दिनुपर्नेछ ।**

११.**<u>कानूनी व्यवस्थाः</u>** (१) सुनदहको व्यवस्थापन तथा संरक्षणको कार्य गर्दा यो ऐनसँगै संघीय र प्रदेश कानुनको पनि पूर्ण पालना गर्नुपर्नेछ।

१२. **संशोधन तथा बदरः** (१) यो ऐन आवश्यकताअनुसार पुथा उत्तरगंगा गाउँ कार्यपालिकाले संशोधन गर्न सक्छ ।

(२) यो ऐनमा भएका कुनै दफा संघीय र प्रदेश कानूनसँग बाझिएमा सो हदसम्म अमान्य हुनेछ ।

आज्ञाले

ध्रुब विक

प्रमुख प्रशासकीय अधिकृत